# चौविसे गाउँपालिका

धनकुटा

# चौविसे राजपत्र

खण्ड-७, संख्या-२, मिति : २०८०-०१-२८

## भाग-२

## चौबिसे गाउँपालिकाको कर्मचारीको तह वृद्धि सम्बन्धी निर्देशिका, २०८०

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० मा गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकाले स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी चौबिसे गाउँपालिका गाउँकार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम " चौबिसे गाउँपालिकाका कर्मचारीको तहबृद्धि सम्बन्धी निर्देशिका "२०८० रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "अध्यादेश" भन्नाले चौबिसे गाउँपालिकाका कर्मचारीको तहबृद्धि सम्बन्धी निर्देशिका,२०८० सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम चौबिसे गाउँपालिकामा समायोजन भएका र स्थानीय सेवा भित्रका पदमा यस गाउँपालिकामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ग) "कार्यालय" चौबिसे गाउँपालिकाको कार्यालय जनाउँदछ ।

(ग) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले कोशी प्रदेश अन्तर्गतका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ ।

३. तह वृद्धि गर्ने अवधि: (१) कर्मचारीको तह वृद्धि प्रत्येक आर्थिक वर्षको पौष र असार महिनामा गरी वर्षको दुई पटक गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा दफा १६ को उपदफा (१) बमोजिम योग्यता पूरा गरेको मितिबाट जेष्ठता कायम हुने गरी तह वृद्धिको निर्णय गर्नु पर्नेछ ।

४. निवेदन दिनु पर्ने: (१) अध्यादेश तथा यस निर्देशिका बमोजिम तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका प्रदेशका पाँचौ र सातौं तहका कार्यालयमा कार्यरत कमर्चारीहरुले तह वृद्धिका लागि निवेदन दिन सक्नेछः-

(क) पाँचौ तहबाट छैंटौ तहमा तह वृद्धिका लागि सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण,

(ख) सातौं तहबाट आठौं तहमा तह वृद्धिका लागि सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण,

(ग) नवौं तहबाट दशौं तहमा तह वृद्धिका लागि सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तहमा उत्तीर्ण र

(घ) स्वास्थ्य सेवा अन्तर्गतको कर्मचारीको हकमा स्वास्थ्य सेवा सम्बन्धी संङ्घीय कानुनले तोकेको न्यूनतम योग्यता ।

(२) यस दफा बमोजिम दह वृद्धिका लागि सेवा अवधि खुलाई सम्बन्धित मन्त्रालयबाट प्रमाणित गराई निवेदन दिनु पर्नेछ ।

(३) समायोजन ऐन, २०७५ बमोजिम कार्यालयमा समायोजन भएका कर्मचारीको हकमा समायोजन हुनु पूर्व कायम रहेको सेवा समूहको सम्बन्धित समान श्रेणी वा तहमा काम गरेको अवधि समेत जोडी सेवा अवधिको गणना गर्नु पर्नेछ ।

५. <u>समितिको गठन, मूल्यांकन तथा सिफारिसः</u> (१) दफा ४ को उपदफा (४) र दफा ८ बमोजिम तह वृद्धिका लागि प्राप्त हुन आएका निवेदन र कागजातको मूल्यांकन गर्न सम्बन्धित मन्त्रालयमा देहाय बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) - सदस्य

(ग) - सदस्य

(घ) - सदस्य

- सदस्य

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृतस्तर दशौं तहका हकमा उपदफा (१) बमोजिमको समितिमा प्रमुख सचिवले संयोजक र सदस्य सचिवले तोक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले सम्बन्धित गाउँपालिका कार्यालयमा रितपूर्वक प्राप्त भई दर्ता भएका निवेदनको जाँचबुझ गरि दफा ४ को उपदफा (५) र दफा समेतको विपरित नहुने गरि देहाय बमोजिमका कागजातका प्रतिलिपि सहित छैटौं र आठौं तहमा तह वृद्धिका लागि सम्बन्धित मन्त्रालयको सचिव समक्ष र दशौं तहमा तह वृद्धिका लागि प्रमुख सचिव समक्ष सिफारिस गर्नुपर्नेछः-

(क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

(ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(ग) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यांकनको रऔसत प्राप्त अंक ( नब्बे प्रतिशत अंक प्राप्त गरेको हुनुपर्ने) र

(घ) न्यूनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्र ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका छैटौं र आठौं तहका लागि सम्बन्धित मन्त्रालयको सचिव र दशौं तहका लागि प्रमुख सचिवले कर्मचारीको तह वृद्धिका लागि योग्यता पूरा गरेको मितिबाट लागु हुने गरि सम्बन्धित सेवा, समूह वा उपसमुह भित्र तह वृद्धि गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम तह वृद्धि भएमा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साविककै तहमा कायम रहनेछ ।

(६) उपदफा (४) बमोजिम तह वृद्धि गरिएका कर्मचारीको विवरण कार्यालयले आफ्नो वेबसाइटमा अनिवार्य राख्नु पर्नेछ ।

(७) यस दफा बमोजिम तह वृद्धिका लागि गठन भएको समितिका सदस्यले मूल्यांकनका लागि बैठक बस्दा प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछ ।

६. तह वृद्धि गर्न नहुने: यस निर्देशिकाका अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा दफा ५ को उपदफा (१) बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिका लागि सिफारिस गर्न पाइने छैनः-

(क) नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ख) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ग) तलववृद्धि वा बढुवा रोक्का भएकोमा तलववृद्धि वा बढुवा रोक्का भएको अवधिभर र

(घ) असाधारण विदामा बसेकोमा सो विदको अवधिभर ।

७. चौथो तहका कर्मचारीको तह वृद्धि: (१) अध्यादेश तथा यस निर्देशिका बमोजिम पाँच वर्ष अवधि पूरा भएको चौथो तहको कर्मचारी स्वतः पाँचौ तहमा वृद्धि हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखएको भए तापनि दफा ६ बमोजिम तह वृद्धि गर्न नपाउने अवस्थामा बाहेक सम्बन्धित मन्त्रालयका सचिवले पाँच वर्षको अवधि पुगेका चौथो तहका कर्मचारीलाई निर्णय गरि पाँचौं तहमा तह वृद्धि गर्नु पर्नेछ ।

८. तह वृद्धि भएका कर्मचारीको सेवा सुविधाः (१) दफा ३ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि तह वृद्धि भएका कर्मचारीले कार्यालयले तह वृद्धिका लागि निर्णय गरेको मितिबाट मात्र माथिल्लो तहको तलव भत्ता प्राप्त गर्नेछन्।

(२) अध्यादेश र यस निर्देशिका बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाई पाई आएको तलव भन्दा घटी नहुने गरी कार्यालयलले तलव मिलान गर्नु पर्नेछ।

(३) तह वृद्धि भएका कर्मचारी निवृत हुँदा उपदान तथा निवृतिभरणको लागि प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

९. जानकारी दिनु पर्नेः (१) यस निर्देशिका बमोजिम सम्बन्धित कार्यालयले गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१०. बाधा अड्काउ फुकाउन सक्नेः यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

११. प्रचलित कानून बमोजिम हुनेः यस निर्देशिकामा उल्लेख भएको विषयमा यसै निर्देशिका बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमाणीकरण मिति : २०८०/०१/२८

आज्ञाले
पर्शुराम दाहाल
प्रमुख प्रशासकीय अधिकृत
चौविसे गाउँपालिका

सर्वाधिकार : चौविसे गाउँपालिका, धनकुटा
मुद्रित संख्या : १० प्रति